# पान बुलेटिन

**नेपाल जनप्रशासन संघको सूचनामूलक प्रकाशन**

बर्ष २० भाद्र-मार्ग २०७९ (डिसेम्बर २०२२) अंक २८


## अध्यक्षको सन्देश



नेपाल जनप्रशासन संघले मुलुकमा लोकतन्त्रको पुनस्थापना पछिको स्वतन्त्र र उन्मुक्तिको वातावरण राष्ट्र र समाजप्रतिको दायित्वलाई आत्मासात् गरी संगठीत भई सार्वजनिक सेवा प्रवाह, व्यवस्थापन तथा प्रशासनका क्षेत्रमा नेपाल सरकार, निजीक्षेत्र र गैरसरकारी क्षेत्रमा सहकार्य गर्दै आइरहेको छ । यस संघले राष्टिय विकासका विविध पक्षहरुमा सरोकार तथा सम्बद्ध पक्षसंगको समन्वय र सहकार्यमा नीतिहरुको निर्माण, कार्यान्वयन पक्षमा सम्बन्धित निकायसंगको साझेदारी, सार्वजनिक प्रशासन र व्यवस्थापनका विविध आयाममा अध्ययन अनुसन्धान, लेख रचना, सुशासनसम्बन्धी अनुसन्धान तथा प्रकाशन गर्ने उद्देश्यले वि.स.२०४७ सालमा नेपाल जनप्रशासन संघको स्थापना भएको हो ।

राज्य सञ्चालन र शासन सञ्चालनको जिम्मेवारी प्राप्त गरेका निर्वाचित जनप्रतिनिधि र नागरिकको बीच भुमिका निर्वाह गर्दै कार्यन्वयन गर्ने गराउने प्रशासन संयन्त्रका पक्षमा सहकार्य नैतिक, इमान्दारीता, जिम्मेवारीका साथ आपसमा समन्वय गर्दै जनअपेक्षा अनुरुप सम्बन्धित विभिन्न सम-सामयिक बिषयहरुमा प्राज्ञिक तथा व्यावहारिक विचार दृष्टिकोणहरु परस्पर रुपमा कार्य गर्दै सार्वजनिक प्रशासन, सुशासन, विकेन्द्रीकरण, राज्यको संरचना, नीति निर्माण, पुनरावलोकन तथा मुल्याङ्कन गर्दै जनअपेक्षित शासन सञ्चालनका लागि नीति निर्माण, तालिम, सेमीनार गोष्ठी जस्ता कार्यक्रममा सहकार्य गर्ने गरेको छ ।

नेपालको संविधानले नागरिकलाई राज्यको दायित्व मानव अधिकार, सक्षम न्यायपालिका, मौलिक अधिकार, स्वतन्त्रता कानुनी राज्यमा ३ तहका सरकार (संघ, प्रदेश, स्थानीय तह) सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्बद्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता, सुनिचित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लागु भएको हो । कानुनी राज्य र दिगो विकासको अवधारण बमोजिम विद्यायीकी, कार्यकारणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने नवनिर्वाचित जनप्रतिनिधि कानुन, प्रशासनिक तथा व्यवस्थापनमा सक्षम हुनुपर्छ ।

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति सुशासन, विकास, समृद्धिको आकांक्षा अनुरुप प्रतिनिधि सभा सदस्य निर्वाचन र प्रदेश सभा निर्वाचन वि.स.२०७९ मंसिर ४ गते स्वच्छ, निष्पक्ष, शातिपूर्णढंगले सम्पन्न भएको छ । नेपालको संघिय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको अभ्यास प्रभावकारी रहेको छ ।

प्रस्तुत सन्दर्भमा, नेपाल जनप्रशासन संघले Digitalization Age भएकोले online मार्फत आत्मसात् गर्दै कार्य सहज, छिटो, छरितो पारदर्शिता, जनमुखी, जवाफदेही, प्रतिस्पर्धी जनशक्तिको विकास अपरिहार्य हुने हुँदा सबै पक्षको ध्यानाकार्षण हुन जरुरी छ । हालै सम्पन्न निर्वाचनमा विजयी सबैलाई बधाई सहित सफल कार्यकालको लागि शुभेच्छा व्यक्त गर्दै देशमा जनअपेक्षा अनुरुप जनमतको कदर गर्दै विकास र सुशासन प्राप्तिका लागि सफलताको शुभकामना छ ।

२०७९ मार्ग

**कृष्णहरि बाँस्कोटा**
अध्यक्ष

## हेम बहादुर मल्ल सम्मान पुरस्कार २०७७ र २०७८ छनौट

प्रशासन र व्यवस्थापनका विविध क्षेत्रमा कार्यरत प्राज्ञिक, प्रशासक र व्यवस्थापकबीचको पारस्परिक पेशागत सम्बन्धलाई मर्यादित र सुदृढ गर्दै सार्वजनिक क्षेत्रको नीति निर्माण, समीक्षा र मूल्याङ्कनमा व्यावसायिक पृष्ठपोषण गर्ने उद्देश्यले स्थापित नेपाल जन-प्रशासन संघले सार्वजनिक उपयोगिता क्षेत्रको अग्रणी संस्था साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडको सौजन्यमा सो संस्थाका पूर्व अध्यक्ष एवं कुशल प्रशासक एवं व्यवस्थापक स्व. हेम बहादुर मल्लको स्मृति र सम्मानमा २०५९ मा स्थापित '**हेमबहादुर मल्ल सम्मान**' द्वारा वर्ष २०७७ र २०७८ का लागि छनौट कार्य सम्पन्न भएको र निकट भविष्यमा सम्मान वितरण गरिने छ । जसअनुसार २०७७ का लागि पूर्व सचिव श्री गोरक्ष बहादुर न्हुच्छे प्रधानलाई तथा २०७८ का लागि पूर्व महालेखा परीक्षक श्री भानु प्रसाद आचार्यलाई यो सम्मान प्रदान गरिनेछ ।

राष्ट्रिय स्वार्थलाई सर्वोपरि राखी सार्वजनिक प्रशासन र व्यवस्थापन तथा सार्वजनिक सरोकारका क्षेत्रमा उदाहरणीय संस्थागत नेतृत्व प्रदान गरी उत्कृष्ट योगदान गर्ने व्यक्ति वा संस्थालाई प्रतिवर्ष रु २ (दुई) लाख नगद राशिका साथ पुरस्कृत गर्ने गरी स्थापित यो सम्मान राष्ट्रिय जीवनका प्रतिष्ठित व्यक्तित्व र पदाधिकारीहरु सम्मिलित उच्चस्तरीय समितिले छनौट गरेको व्यक्तिलाई प्रदान गर्ने गरिन्छ ।


प्रकाशक:

**नेपाल जन-प्रशासन संघ**

**Public Administration Association of Nepal (PAAN)**

हरिहर भवन, ललितपुर, नेपाल

## नेपाल जन प्रशासन संघको आजीवन सदस्यता प्रदान

नेपाल जन प्रशासन संघको आजिवन सदस्यता प्राप्त गर्नुहुने तपसिलमा उल्लेखित सबै सदस्यलाई हार्दिक बधाई ।

क) जीतेन्द्र धिताल - प्रशासक, कर्मचारी सञ्चय कोष

ख) दामोदर प्रसाद सुवेदी - का.मु. मुख्य प्रबन्धक, कर्मचारी सञ्चय कोष

ग) शशि कुमार देवकोटा - का.मु. वरिष्ठ प्रबन्धक, कर्मचारी सञ्चय कोष

घ) शिवराज पौडेल - प्रबन्धक, कर्मचारी सञ्चय कोष

ङ) हिरा श्रेष्ठ - विश्वविद्यालय अनुदान आयोग

च) दुर्गा बज्जाडे - उप सचिव, अर्थ मन्त्रालय

छ) अर्जुन कुमार गौतम - कार्यकारी निर्देशक, हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट क.लि.

## PAAN Talk कार्यक्रम

PAAN (नेपाल जनप्रशासन संघ) ले प्रत्येक १५/१५ दिनको अन्तरालमा समसामायिक विषयवस्तु, जनप्रशासन, सार्वजनिक सेवा, प्रभावकारी सेवा प्रवाह, पारदर्शिता, सुशासन, सार्वजनिक प्रशासन र व्यवस्थापन सम्बन्धी छलफल कार्यक्रम आयोजना गर्ने गरेको छ । नवनिर्वाचित ११ औं कार्यसमितिले २०७९ श्रावणदेखि २०७९ मंसिर सम्ममा देहायमा उल्लेखित थप ५ वटा कार्यक्रम कार्यक्रमहरु सम्पन्न भएको छ :

१. २०७९ श्रावण ११ गते बुधवारका दिन नेपालको बैदेशिक व्यापार बिषय र Nepal Trade information Portal को बारेमा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक श्री शरद बिक्रम राणा, नायव कार्यकारी निर्देशक श्री राजेन्द्र सिंहज्यूको प्रस्तुतीकरण रहेको ।

२. २०७९ भदौ २२ गते बुधवार नेपालको अन्तराष्ट्रिय व्यापारमा देखिएका सवाल र भावि बाटोको विषयमा पूर्व सचिव श्री चन्द्र कुमार घिमिरेज्यूको प्रस्तुतीकरण रहेको ।

३. २०७९ असोज ५ गते बुधवार नेपालको पूर्वाधार विकासमा देखिएका समस्या र समाधानका उपायका बिषयमा नेपाल सरकारको पूर्व सचिव श्री रामकृष्ण सापकोटाज्यूको प्रस्तुतीकरण रहेको ।

४. २०७९ असोज २६ गते बुधवार आचार संहिता- प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन बिषयमा सुचना अधिकारी/सहायक प्रबक्ता, निर्वाचन आयोगका श्री सूर्य प्रसाद अर्यालज्यूको प्रस्तुतीकरण रहेको ।

५. २०७९ कार्तिक २६ गते शनिबारका दिन निर्वाचन पर्यवेक्षकका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न श्री कृष्णहरि बास्कोटाज्यू र श्री दिक्षा थापाज्यूको प्रस्तुतीकरण रहेको ।

## निर्वाचन पर्यवेक्षण कार्यक्रम संचालन

नेपाल जनप्रशासन संघले स्थापनाकाल २०४७ सालदेखि नै नेपालको प्रशासन र व्यावस्थापनको क्षेत्रमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको र नेपाल सरकारलाई समय-समयमा निति निर्माण र कार्यान्वयन र मूल्याङ्कन व्यवसायिक पृष्ठपोषण कार्य गर्दै आइरहेको छ । प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९ मा PAAN ले पहिले पटक निर्वाचन पर्यवेक्षण गर्ने अनुमति पाएको र २०७९ मंसिर ४ गतेको निर्वाचन पर्यवेक्षणको लागि ७ प्रदेशको १८ जिल्लामा ४७ जना पर्यवेक्षकहरु खटाईएको थियो । पर्यवेक्षकहरु मार्फत प्राप्त विवरणको आधारमा समग्रमा निर्वाचन स्वच्छ, निष्पक्ष, स्वतन्त्र र शान्तिपूर्ण रहेको ठम्याई रहेको छ ।

निर्वाचन पर्यवेक्षणको लागि यस संस्थाले ७ वटै प्रदेशमा विभिन्न १८ वटा जिल्लाका १३० मतदानस्थल पर्यवेक्षण गर्ने व्यवस्था मिलाएको र खटिएका पर्यवेक्षकहरुले स्थलगत भ्रमण, सोधपुछ, निर्वाचन व्यवस्थापन र अवलोकनको माध्यमबाट पर्यवेक्षण गरी सोको प्रतिवेदन गरिएको थियो । निर्वाचन कार्यलाई व्यवस्थित र मर्यादित बनाउन विभिन्न नीति नियम र कानुनको परिपालन, निर्वाचन कानुन तुलनात्मक रुपमा विगतमा भन्दा सुधार हुँदै आएको पाइन्छ । तथापि समयानुकुल सुधार गर्ने पर्ने क्षेत्रको दायरा बढदै जान्छ । मतदाता नामावली अद्यावधिक गर्ने सम्बन्धमा सुधार गर्न vital Registration लाई प्रभावकारी बनाउनु पर्छ ।

## संघका बैठक र निर्णयहरू

२०७८ पौष २४ मा निर्वाचित ११ औं कार्यसमितिले २०७९ श्रावणसम्ममा थप १० वटा बैठक सम्पन्न गरेको र २०७९ मंसिरसम्ममा सम्पन्न कार्यसमितिको बैठकमा भएका केही निर्णयको संक्षिप्त जानकारी निम्नानुसार रहेको छ :

१. नेपाल जन प्रशासन संघको २३ औ वार्षिक साधारणसभा एवम १८ औ राष्ट्रिय सम्मेलन मिति २०७९ पौष १५ गते शनिवारका दिन Arpan Banqute, New Baneshwor मा गर्ने गरी आवश्यक तयारी गर्ने । मेम्बर प्रोफाइल, बुलेटिन, जर्नल, नोट प्याड छपाई सम्बन्धी तयारी, PAAN मेडल, विज्ञापन संकलन आदिको व्यवस्थापन कार्य गर्ने । कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्ने सम्बन्धमा सबैले आवश्यक सम्पर्क, समन्वय र सहयोग गर्ने ।

३. Staff College मा गर्ने कार्यक्रम र बजेट निर्माण र कार्यान्वयन सम्बन्धी कार्यक्रमको लागि सम्पर्क र समन्वय गरी आवश्यक तयारी गर्ने ।

४. प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य २०७९, यही २०७९ मंसिर ४ गते सम्पन्न निर्वाचनमा पर्यवेक्षणको लागि यस संघमार्फत खटिएका सबै पर्यवेक्षकलाई धन्यवाद दिइयो । पर्यवेक्षकहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालनको लागि निर्वाचन आयोगबाट प्रशिक्षकको रुपमा श्री दीक्षा थापालाई र कार्यक्रम स्थल र उक्त दिनको खाजा तथा खानाको व्यवस्थापन

गरी सहयोग गर्नु भएकोमा कान्तिपुर इन्टरनेशनल कलेज, बुद्धनगरलाई विशेष धन्यवाद दिइयो ।

५. **हेमबहादुर मल्ल सम्मान पुरस्कार २०७७ र २०७८** वितरण कार्यक्रम गर्नको लागि आवश्यक तयारी तथा समन्वय गर्ने ।

६. प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य २०७९, यही २०७९ मंसिर ४ गते हुने निर्वाचनमा पर्यवेक्षणको लागी यस संघलाई अनुमति प्राप्त भएको हुँदा उक्त कार्यको संयोजन गर्न दिलिपराज पौडेललाई जिम्मेवारी दिइयो ।

७. **हेमबहादुर मल्ल सम्मान पुरस्कार २०७७ र २०७८** छनौटको लागि श्री दीपेन्द्र पुरुष ढकालज्यूको संयोजकत्वमा गठित उच्चस्तरिय छनौट समितिको मिति २०७९।०४।२६ गते बिहिवार बसेको बैठकले हेमबहादुर मल्ल सम्मान पुरस्कार २०७७ र २०७८ को लागि क्रमशः श्री गोरक्ष बहादुर न्हुच्छे प्रधानलाई र श्री भानु आचार्यज्यूलाई प्रदान गर्न सिफारिस गरेको हुँदा उहाँहरुलाई **हेमबहादुर मल्ल सम्मान पुरस्कार २०७७ र २०७८ प्रदान गर्ने निर्णय गरियो** । यसरी **हेमबहादुर मल्ल सम्मान पुरस्कार छनौट समितिले गहन रूपमा उपयुक्त व्यक्ति** छनौट कार्य सम्पन्न गरी सिफारिस गरेको हुँदा उक्त कार्यको लागि समिति प्रति हार्दिक आभार सहित धन्यवाद दिने निर्णय गरियो ।

## निर्वाचन पर्यावेक्षक अभिमूखीकरण कार्यक्रमका केही झलकहरू (२०७९ कार्तिक २६)



















## सदस्यता अद्यावधिक सम्बन्धी जरूरी सूचना

यस संस्थाको हाल कायम सदस्यहरुमध्ये केही विदेशमा स्थायी बसोबास गरी बसेको, केहीको मृत्यु भएको, केही नेपालमै भएता पनि सम्पर्कमा नरहेको तथा ठेगाना र सम्पर्क नम्बर परिवर्तन भई पत्राचार गर्न कठिन भएको कारणले सबै सदस्यहरुले www.paan.org.np मार्फत वा इमेल ठेगाना paan.kathmandu@gmail.com मार्फत आफ्नो विवरण अद्यावधिक गर्नु हुन अनुरोध छ ।

**आयोजक:**
**नेपाल जन-प्रशासन संघ (PAAN)**
पुल्चोक, ललितपुर । ०१-५४२४४७०

## बधाई तथा शुभकामना




यस संघका आजीवन सदस्य **श्री जीतेन्द्र धिताल**लाई नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७९/०८/२० को निर्णयानुसार कर्मचारी संचय कोषको प्रशासक पदमा नियुक्त भएको हुँदा हार्दिक बधाई तथा सफल कार्यकालको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**नेपाल जन प्रशासन संघ परिवार**
हरिहर भवन, पुल्चोक, ललितपुर ।

## राष्ट्रिय सम्मेलन र साधारण सभा सम्बन्धी जरूरी सूचना

नेपाल जन प्रशासन संघको २३ औं साधारण सभा एवम् १८ औं राष्ट्रिय सम्मेलन निम्न स्थान मिति र समयमा बस्ने सम्बन्धमा सबै सदस्यहरुलाई पत्र पठाई सकिएको व्यहोरा जानकारी गराउँदछौं । उक्त पत्र प्राप्त नभएको भएता पनि यसै सूचनालाई आधारमानि साधारण सभामा उपस्थितिका लागि अनुरोध छ । थप जानकारीको लागि www.paan.org.np हेर्नु होला ।

**कार्यक्रम:**
स्थान: Arpan Banquet Pvt.Ltd., New Baneswor, KTM.
मिति: २०७९ पौष १५ गते शुक्रवार
समय: बिहान ८:०० बजेदेखि
सम्पर्क: ९८४१३५०२८०, ९८५१२३४७००

**आयोजक:**
**नेपाल जन-प्रशासन संघ (PAAN)**
पुल्चोक, ललितपुर । ०१-५४२४४७०




## नेपाल जनप्रशासन संघका सेवाहरू

- सार्वजनिक प्रशासन व्यवस्थापन तथा अन्य समसामायिक विषयमा राष्ट्रिय/अन्तर्राष्ट्रिय तालिम संचालन गर्ने । वैदेशिक तालिममा सहभागिताको लागि सहजीकरण तथा व्यवस्थापन सम्बन्धी कार्य ।
- अध्ययन, अनुसन्धान, नीति, नियम, O&M र अन्य विविध विषयमा विज्ञ तथा परामर्श सेवा सम्बन्धी कार्य ।

**सम्पर्क:**
**नेपाल जन-प्रशासन संघ (PAAN)**
हरिहर भवन, पुल्चोक, ललितपुर ।
इमेल: paan.kathmandu@gmail.com
फोन : ०१-५४२४४७०